# विश्वविद्यालय अनुदान आयोग
## उच्च शिक्षामा विशिष्टताको प्रबर्द्धन कार्यक्रम

**विस्तारित कार्यसम्पादनमा आधारित अनुदान (Extended Performance Based Grants) का लागि**
**आवेदन पेश गर्ने समयावधि थप सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८०/७/१७ गते**

“उच्च शिक्षाको श्रम बजारमा सान्दर्भिकता र गुणस्तरको सवलीकरण, सहकार्यमा आधारित अनुसन्धान र नवप्रवर्तनको बढावा तथा अल्पसंख्यक र प्रकोप प्रभावित समूहहरुको उच्च शिक्षामा समतामूलक पहुँचको विस्तार गर्ने” उद्देश्यका साथ **उच्च शिक्षामा विशिष्टताको प्रबर्द्धन कार्यक्रम (Nurturing Excellence in Higher Education Program – NEHEP)** सञ्चालनमा ल्याएको छ ।

उक्त कार्यक्रम अन्तर्गत विस्तारित कार्यसम्पादनमा आधारित अनुदान **(Extended Performance Based Grants)** को प्रावधानमा सहभागिताका लागि निम्नानुसार तोकिएका आवश्यकता पुरा गरेका इच्छुक सामुदायिक क्याम्पसहरु तथा त्रि.वि. वाहेकका अन्य विश्वविद्यालयका आंगिक क्याम्पसहरुबाट आवश्यक कागजात सहित मिति २०८०/७/२४ गते भित्र आयोगको कार्यालयमा वा इमेल *reform@ugcnepal.edu.np* मार्फत आशय पत्र/आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | सहभागिताको लागि न्यूनतम आवश्यकता |
|---|---|
| १ | गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियामा सहभागिताको लागि विश्वविद्यालय अनुदान आयोगबाट आशयपत्र स्वीकृत भएको |
| २ | क्याम्पस व्यवस्थापन समितिबाट अद्यावधिक पञ्च वर्षीय योजना स्वीकृत भएको |
| ३ | विश्वविद्यालय अनुदान आयोगबाट आ.व. २०७९/८० का लागि नियमित अनुदान प्राप्त गरेको |

**नोटः विश्वविद्यालयका आंगिक क्याम्पसहरुको हकमा बुदाँ नं. ३ लागु हुने छैन ।**

| क्र.सं. | कार्यक्रममा छनौटका लागि थप मापदण्ड |
|---|---|
| १ | शैक्षिक व्यवस्थापन सूचना प्रणाली Education Management Information System (EMIS) इकाई गठन भई सोको व्यवस्थापनका लागि जिम्मेवारी सहित फोकल व्यक्ति नियुक्त गरिएको/ तोकिएको |
| २ | गत शैक्षिक बर्षको वार्षिक प्रतिवेदन प्रकाशित भएको र सो प्रतिवेदन क्याम्पसको वेभसाइटमा अपलोड गरिएको |
| ३ | विधिवत रुपमा गुनासो सुनुवाई/निवारण संयन्त्र Grievance Redress Mechanism (GRM) गठन गरि सो संयन्त्र सञ्चालन निर्देशिका व्यवस्थापन समितिबाट स्वीकृत भएको |
| ४ | विगत तीन शैक्षिक बर्षको औसत उतिर्ण दर २९ प्रतिशत अंक भन्दा माथि भएको |
| ५ | क्याम्पसको व्स्थापन समिति/बोर्ड/ सो सरहको निकाय विधिवत रुपमा संचालनमा रहेको |

उपरोक्त ५ वटा थप योग्यता मध्येबाट ४ वटा योग्यता पूरा हुने क्याम्पसलाई छनोटका चरणमा लगिनेछ ।

**निवेदन/आशय पत्रका साथ संलग्न हुनुपर्ने कागजातहरु:**

१. आवेदन पत्र
२. प्रस्ताव (वेभसाइटमा संलग्न ढाँचा अनुसार)
३. आवेदन फारम
४. आवेदन फारममा उल्लेख भए अनुसारका सम्पूर्ण कागजात
५. आ.ब. २०७९/८० को लेखा परिक्षण प्रतिवेदन

**नोट:** पहिलो चरणमा  छनौट भइसकेका ८२ वटा सामुदायिक क्याम्पसहरुले पुन: आवेदन पेश गर्नुपर्ने छैन ।


*थप जानकारीका लागि*
*विश्वविद्यालय अनुदान आयोग*
*फोन नं. ०१-६६३८५४८/४९/५०/५१*
*www.ugcnepal.edu.np*
*E-mail : reform@ugcnepal.edu.np सानोठिमी, भक्तपुर*